# प्रकृतिका कुचिकार गिद्धहरूको संरक्षण गरौं ।





- गिद्धहरू प्रकृतिका एक अभिन्न अंग हुन् तर यिनीहरू अहिले लोप हुने अवस्थामा पुगेका छन् ।
- नेपालमा पाइने आठ प्रजातिका गिद्धहरू मध्ये चार प्रजातिका गिद्धहरूः डंगर गिद्ध, सानो खैरो गिद्ध, सुन गिद्ध र सेतो गिद्ध अतिनै संकटमा परेका छन् ।
- विगत दश वर्षमा यिनीहरूको संख्या ९५ प्रतिशत भन्दा बढीले घटेको छ ।
- यिनीहरूको विनाशको प्रमुख कारण पशुको उपचारमा प्रयोग गरिने औषधी **डाइक्लोफेनेक** हो ।
- डाइक्लोफेनेक नामक औषधीद्धारा उपचार गराइएका पशुहरूको सिनो खाएपछि गिद्धहरू केहि दिनमै मर्छन् ।
- प्रकृतिबाट गिद्धको विनाश भएमा सिनोबाट उब्जने विभिन्न प्रकारका हैजा, महामारी तथा अरू रोगहरूको प्रकोप बढ्छ ।
- पशु उपचारमा डाइक्लोफेनेक जतिकै प्रभावकारी तर गिद्ध लगायत अरू चराचुरूंगी तथा वन्यजन्तुमा असर नपर्ने औषधी **मेलोक्सिक्याम**को नेपालमा उत्पादन तथा बिक्री वितरण शुरू भैसकेकोछ ।
- पशु उपचारमा मेलोक्सिक्यामको प्रयोग गरी गिद्ध लगायत अन्य वन्यजन्तुको संरक्षण गरौं ।
- मानिसको लागि बनाइएको डाइक्लोफेनेक पशुहरूमा प्रयोग नगरौं
- गिद्ध संरक्षण गर्न नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले ५ वर्ष को कार्य योजना गरेको छ । यस योजना अन्तरगत चितवन राष्ट्रिय निकुञ्जको कसरामा गिद्ध संरक्षण तथा प्रजनन केन्द्र खोलिएको छ र नेपालका विभिन्न जिल्लाहरूलाई डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गराइँदैछ ।

नेपाल पन्छी संरक्षण संघद्वारा सर्वसाधारणको जानकारीका लागि जारी गरिएको अपील

SOS SAVE OUR SPECIES · WWF · BirdLife International · Conservation Leadership Programme · Critical Ecosystem Partnership Fund · The Rufford Small Grants Foundation www.ruffordsmallgrants.org · Jatayu Restaurant · Nepal Vulture Conservation Movement Network · SAVE Saving Asia's Vultures from Extinction · UNDP · Bird Conservation Nepal · gef Global Environment Facility Investing in our Planet · SGP The GEF Small Grants Programme · National Birds of Prey Trust · Disney Worldwide Conservation Fund · ZSL Living Conservation · RSPB · Darwin Initiative


थप जानकारीका लागि **नेपाल पन्छी संरक्षण संघ**, पोष्ट बक्स नं. १२४६५, लाजिम्पाट, काठमाण्डौ

फोन: ४४१७८०५, ४४२०२१३, फ्याक्स:४४१३८८४, इमेल: bcn@mail.com.np